# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश**

प.सं.: ०७७/०७८/प्रशासन

च.नं.:

## व्यावसायिक माछा पालन कृषक कार्यक्रम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०८/१४

तिलोत्तमा नगरपालिका पशु सेवा शाखाको आ.व ०७७/७८ को बार्षिक स्विकृत कार्यक्रम अनुसार "व्यावसायिक माछा पालन कृषक कार्यक्रम" अर्न्तगत माछा पालन कृषकहरुलाई ८० प्रतिशत अनुदानमा एरिएटर र फिडर बितरण कार्यक्रम रहेको हुदा इच्छुक माछा पालन कृषक समुह/व्यावसायिक फार्मले यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन (मिति २०७७/०८/२९ गते) कार्यालय समय भित्र निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

| क्र.म | विवरण | संख्या | प्रति व्यावसायी | कैफियत |
|---|---|---|---|---|
| १ | एरियटर | १२ | १ | -कम्तिमा ३ कठ्ठामा (पानीको भाग) पोखरी हुनु पर्ने |
| २ | फिडर | ३ | १ | -कम्तिमा ६ कठ्ठामा (पानीको भाग) पोखरी हुनु पर्ने |

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

१. निवेदन।
२. कृषक समुह/फार्म संस्थाको निर्णय प्रतिलिपी।
३. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
४. प्रस्ताव पेश गर्ने आधिकारीक व्याक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
५. करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी।
६. जग्गा भाडामा लिएको भए सम्झौता गरेको प्रमाणको प्रतिलिपी।
७. संक्षिप्त कार्ययोजना।
८. पछिल्लो २ वर्षमा कुनै पनि अनुदान नलिएको लिखित पत्र।
९. वडा कार्यालयको सिफारिस।
१०.वैदेशिक रोजगारीबाट फिर्ता भएका र बेरोजगारी युवा, उद्यमी संम्लन भएका समुह, सरकारी निकयबाट कुनै पनि अनुदान नलिएको समुह/फार्मलाई प्राभमिकता दिईने छ।

नोट : कुनै एक कार्यक्रममा छनौट भएको कृषक अर्को कार्यक्रममा समावेश गरिने छैन अन्य जानकारीका लागि पशु सेवा शाखा ०७१४३८६५९ जानकीनगरमा सम्पर्क गर्नुहुन अनुरोध छ।

२०७७/०८/१४

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत